विद्युत उत्पादन कम्पनी लिमिटेड

Vidhyut Utpadan Company Limited

बुद्धनगर, काठमाण्डौ

# वार्षिक प्रगति प्रतिवेदन

## (Annual Progress Report)

## आ.व. २०७६/०७७

श्रावण, २०७७

# विद्युत उत्पादन कम्पनी लिमिटेड

बि.पि.सि. भवन, बुद्धनगर, काठमाण्डौ


## पृष्टभूमि

देशमा रहेका ठूला आयोजनाहरु मध्ये कम्पनीले अध्ययनको लागि अनुमतिपत्र प्राप्त गरेका तीन आयोजनाहरु मध्ये फुकोट कर्णाली जलाशययुक्त जलविद्युत आयोजनाको विस्तृत ईन्जिनियरिङ अध्ययन प्रतिवेदन प्राप्त भएको र बाँकी आयोजनाको अध्ययन कार्य भइरहेको छ ।


विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID 19) को कारण चालु आर्थिक वर्षमा तय गरिएका केही कार्यक्रमहरुको कार्य प्रगतिमा आंशिक धक्का परेको छ । यसका बावजुद पनि यो महामारीले सिर्जना गरेको चुनौतीलाई सामना गर्दै अध्ययनको क्रममा रहेका योजनाहरुको कार्यलाई निरन्तरता दिदै र आगामी वर्षमा उक्त आयोजनाहरु सम्पन्न गर्ने गरी कार्यक्रम तय गरिएको छ ।

## आर्थिक वर्ष २०७६।०७७ को वार्षिक प्रगति प्रतिवेदन


आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम देहाय बमोजिमका बिभिन्न आयोजनामा देहाय बमोजिमको वित्तीय तथा भौतिक प्रगति हासिल गरिएको र सोही बमोजिम वार्षिक प्रगति समिक्षा कार्यक्रम (Annual Progress Review Program) सम्पन्न गरी वार्षिक प्रगति प्रतिवेदन (Annual Progress Report (APR) तयार गरिएको छ ।




**विद्युत उत्पादन कम्पनी लिमिटेड र कम्पनीको सेयर स्वामित्व भएका सहायक कम्पनीका विभिन्न जलविद्युत आयोजनाहरु तथा क्षमता,मे.वा.मा**



वित्तीय प्रगति बिबरण -
रकम रु दश लाखमा
वार्षिक बजेट
वार्षिक खर्च
३५०.००
३००.००
२५०.००
२००.००
१५०.००
१००.००
५०.००
-
७५.७०
४२.३१
१४.७१
१२.७७
३०२.७२
७०.७१
३२४.५५
५८.५४
१११.६७
९४.१२
२९०.००
२९०.००
चालु खर्च (तलब भत्ता तथा प्रशासनिक खर्च)
पुजीगत तथा वित्तीय खर्च (स्थिर सम्पत्ति तथा शेयरमा लगानी)
फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना
किमाथांका अरुण अर्ध जलाशययुक्त जलविद्युत आयोजना
मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना
जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड (सेयर लगानी)


आर्थिक प्रगति प्रतिशतमा
भौतिक प्रगति प्रतिशतमा
१००.००
९०.००
८०.००
७०.००
६०.००
५०.००
४०.००
३०.००
२०.००
१०.००
०.००
५५.८९
७५.००
८६.८०
१००.००
२३.३६
८३.००
१८.०४
८०.००
८४.२८
८५.००
१००.००
१००.००
चालु खर्च -तलब भत्ता तथा प्रशासनिक खर्च
पुजीगत तथा वित्तीय खर्च :स्थिर सम्पत्ति तथा शेयरमा लगानी
फुकोट कर्णाली अर्ध-जलाशययुक्त जलविद्युत आयोजना
किमाथांका अरुण जलविद्युत आयोजना
मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना
जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड (सेयर लगानी)

## १) फुकोट कर्णाली जलाशययुक्त जलविद्युत आयोजना

**१.१ बिस्तृत सम्भाव्यता/इन्जिनियरिङ अध्ययन:** मिति २०७४।०३।०२ मा फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना (४८० मे.वा.) को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई मिति २०७४।०६।१४ ( अक्टोबर १०, २०१७ ) मा एनइए इन्जिनियरिङ कम्पनी लिमिटेडसंग बिस्तृत सम्भाव्यता/ईन्जिनियरिङ अध्ययनका लागि सम्झौता भई मिति जुलाई १५, २०२० सम्म कार्य सम्पन्न गर्ने गरी अध्ययन कार्य भईरहेको तथा विविध कारण अध्ययन कार्य सम्पन्न गर्न थप केही समय लाग्ने भएकोले म्याद थप हुने देखिन्छ ।


आ.व.२०७६।०७७ मा सम्पन्न भएका विभिन्न अध्ययन कार्यको विबरण निम्नानुसार रहेको छ ।

**क) भौतिक प्रगति विबरण** – अध्ययन कार्यको हाल सम्म देहाय अनुसारको कार्य प्रगति रहेको छ ।

| Reports for Detail Feasibility/ Engineering Study | Remarks |
|---|---|
| Inception report | Completed |
| Topographycal survey Report | Completed |
| Geological Mapping Report | Completed |
| DBM | Completed |
| Power Market , Power system and Power Evacuation study Report | Completed |
| Geological / geotechnical Baseline report | Completed |
| Interim Deign Report | Completed |
| Hydrological, sedimentation and GLOF study | Completed |
| Final Draft report | Completed |
| Final Report | Reviewing |
| Preparation of Complete Tender Documents and Tender Drawings | Reviewing |

प्राप्त प्रतिवेदनका आधारमा थप अध्ययन कार्य गर्नु पर्ने आवश्यकता देखिएको र सोही बमोजिम भईरहेको छ।

**ख) वित्तीय प्रगति विबरण**




फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको वित्तीय प्रगति बिवरण

**१.२) वातावरणीय अध्ययन कार्य :** वातावरणीय प्रभाव मुल्यांकन अध्ययनका लागि मिति नोभेम्बर २३, २०१७ मा एनइए इन्जिनियरिङ कम्पनी लिमिटेड संग सम्झौता भई मिति अगस्ट ३१, २०२० सम्म कार्य सम्पन्न गर्ने गरी अध्ययन कार्य भईरहेको तथा वातावरण संरक्षण नियमावली संशोधन एबं बिविध कारण अध्ययन कार्य सम्पन्न गर्न थप केही समय लाग्ने भएकोले म्याद थप हुने देखिन्छ ।

हाल सम्म वातावरण अध्ययनको TOR तथा Scoping document सम्बन्धित निकायमा पेश भएको र बाँकी कार्य आगामि आ.व. मा सम्पन्न गर्ने योजना रहेको छ ।

**१.३) टेष्ट टनेल निर्माण कार्य :**

फुकोट कर्णाली अर्ध-जलाशययुक्त जलविद्युत आयोजना (४८० मे.वा.) को टेष्ट टनेल निर्माण कार्य (Contract No. VUCL/PKHEP-TAT/W/NCB/01/2076-77) को लागि Contractor: श्री Waiba Infratech Pvt. Ltd., Swayambhu, Kathmandu, Nepal सँग मितिः२०७६/०८/१३ (Nov 29, 2019) मा रु १२,२१,३८,५०९.७८ अक्षरुपी बाह्र करोड एक्काईस लाख अट्तीस हजार पाँच सय नौं रुपैयां अठहत्तर पैंसा मात्र (मू.अ.कर सहित) मा सम्झौता भई टेष्ट टनेल निर्माण कार्य मिति May 20, 2021 मा सम्पन्न गर्नुपर्ने सम्झौता मा उल्लेख छ ।
सम्झौता भए पश्चात टेष्ट टनेल निर्माण गर्न आवश्यक विस्फोटक पदार्थको खरीद,ढुवानी तथा प्रयोगको अनुमतिको लागि उर्जा,जलश्रोत तथा सिँचाई मन्त्रालय मा मिति २०७६/०८/३० मा अनुरोध गरिएकोमा उर्जा,जलश्रोत तथा सिँचाई मन्त्रालय बाट मिति २०७६/०९/१० मा गृह मन्त्रालयमा सिफारीस भएको , जिल्ला प्रशासन कार्यालय ,मान्म, कालिकोट बाट मिति २०७६/०९/१६ मा गृह मन्त्रालयमा सिफारीस भएको तथा गृह मन्त्रालय बाट रक्षा मन्त्रालयमा राय पश्चात २०७६/१०/१६ मा विस्फोटक पदार्थको खरिद स्वीकृति भई रक्षा मन्त्रालय बाट मिति २०७६/१०/१९ मा नेपाली सेनामा सिफारीस भई आएको र नेपाली सेना बाट मिति २०७६/१०/२२ मा विस्फोटक पदार्थ निकाशा दिने सम्बन्धमा निर्णय भई MOU को प्रक्रियामा रहेको थियो तर कोभिड-१९का कारण भएको लकडाउनले गर्दा MOU गर्न ढिला भएको ब्यहोरा अबगत गराउँदै हाल MOU गर्न थप केही समय लाग्न जाने देखिन्छ ।
कर्णाली करिडोर सुरक्षार्थ तैनाथ सुरक्षा वेश, लालीघाट, कालिकोटमा १.५ टन विष्फोटक पदार्थ मौज्दात रहेको बुझिन आएकोले उक्त विस्फोटक पदार्थ खरीदको लागि नेपाली सेना सँग MOU गरी स्वीकृत नहुञ्जेल सम्मको लागि मौज्दातमा भएको १.५ टन विष्फोटक पदार्थ खरीद गरी प्रयोग गर्न स्वीकृतिको लागि रक्षा मन्त्रालय हुँदै नेपाली सेना समक्ष अनुरोध गरिएको छ ।

हाल सम्म Contractor: श्री Waiba Infratech Pvt. Ltd., Swayambhu, Kathmandu, Nepal लाई सम्झौतानुसार बिभिन्न माईलस्टोनमा ५-५ गरी जम्मा १० प्रतिशत मोबिलाईजेसन पेश्की रकम दिईएको

छ। Contractor: श्री Waiba Infratech Pvt. Ltd. ले आयोजना निर्माण स्थलमा आयोजना निर्माणका लागि आवश्यक औजार तथा उपकरण परिचालन गरि लेबर क्याम्प निर्माण गरिसकेको छ र नेपाली सेना सँग बिश्फोटक पदार्थको खरिदको सम्झौता भए पश्चात टेस्ट टनेल खन्ने कार्य सुचारु गरिने कार्य योजना रहेको छ ।

## १.४) क्याम्प फ्यासिलिटी (पहुँच मार्ग तथा क्याम्प भवनहरु) निर्माण कार्य :

विद्युत उत्पादन कम्पनी लिमिटेडको फुकोट कर्णाली अर्ध-जलाशययुक्त जलविद्युत आयोजना (४८० मे.वा.) को क्याम्प फ्यासिलिटी (पहुँच मार्ग तथा क्याम्प भवनहरु) निर्माण कार्य (Construction of Camp Facilities (Access Road & Camp Buildings) of Phukot Karnali PRoR Hydro Electric Project (PKHEP) ) को लागि चालु आ.व. २०७६/०७७ मा कम्पनीको स्वीकृत बार्षिक बजेटमा '४.१.३ पहुँच मार्ग' शिर्षकमा रु २,००,००,०००।- (दुई करोड रुपैंया मात्र) र '४.१.५. क्याम्प फ्यासिलिटी' शिर्षकमा रु २,०१,६८,०००।- (दुई करोड एक लाख अठसट्ठी हजार रुपैंया मात्र) गरी कुल रु ४,०१,६८,०००।- (चार करोड एक लाख अठसट्ठी हजार रुपैंया मात्र) बिनियोजन भएको थियो ।

आ.व. २०७६/०७७ को लागि विद्युत उत्पादन कम्पनी लिमिटेडको स्वीकृत बार्षिक कार्यक्रम अनुसार क्याम्प फ्यासिलिटी (पहुँच मार्ग तथा क्याम्प भवनहरु) निर्माण कार्य (Contract No: VUCL/PKHEP-CF/W/NCB/02/2076-77) को लागि मिति : २०७६/१२/०९ (March 22,2020) मा गोरखापत्र राष्ट्रिय दैनिक र www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्रहरु मूल्यांकन भई स्वीकृत लागत रकम भन्दा ३१.८७ प्रतिशत घटी अर्थात रु.९४,६७४,३९९.९१ (P.S. र VAT सहित ) कवोल गर्ने श्री Fewa /Acharya JV (Baglung-1, Baglung) को बोलपत्र सबैभन्दा न्यून मूल्यांकित बोलपत्र भएको तथा सो बोलपत्र सारभुत रुपमा समेत प्रभावग्राही समेत भएकोले बोलपत्र स्वीकृती गरी मिति : २०७७/०३/२३ को "The Rising Nepal" राष्ट्रिय दैनिक मा बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको तथा मिति : २०७७/०३/३० मा श्री Fewa /Acharya JV लाइ ठेक्का सम्झौताको लागि Letter of Acceptance जारी गरिएको थियो ।

आ.व. २०७७०७८ मा ठेक्का सम्झौता गरी निर्माण कार्य सुरु गर्ने योजना रहेको छ ।

## १.५) जग्गा खरीद :

फुकोट कर्णाली अर्ध-जलाशययुक्त जलविद्युत आयोजना (४८० मे.वा.) को क्याम्प फ्यासिलिटी–क्याम्प भवनहरु निर्माण क्षेत्रमा पर्ने १३० रोपनी जग्गा अधिग्रहण गरी रु.४,५२,४२,४०० मुआब्जा वितरण कार्य सम्पन्न गरी सकिएको छ ।

फुकोट कर्णाली अर्ध-जलाशययुक्त जलविद्युत आयोजना (४८० मे.वा.) को डुवान क्षेत्रमा पर्ने ९४३ रोपनी जग्गा अधिग्रहणको निम्ति मिति : २०७६/१०/२२ मा गोरखापत्र राष्ट्रिय दैनिक ३५ दिने सूचना प्रकाशन गरिएको थियो । मुआब्जा निर्धारण तथा दावी उपर कागजात परीक्षण कार्य भईरहेको ।

## २) किमाथांका अरुण जलविद्युत आयोजना

**२.१) विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य :** मिति २०७४।०३।१३ मा किमाथांका अरुण जलविद्युत आयोजना (४५० मे.व.ा) को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई मिति २०७४।०८।२० (डिसेम्बर ६, २०१७) मा एनइए इन्जिनियरिङ कम्पनी लिमिटेडसंग मा सम्झौता भई मिति अप्रिल १३, २०२१ सम्म कार्य सम्पन्न गर्ने गरी अध्ययन कार्य भईरहेको छ ।


आ.व.२०७६।०७७ मा सम्पन्न भएका विभिन्न अध्ययन कार्यको विवरण निम्नानुसार रहेको छ ।

**क) भौतिक प्रगति विबरण –** अध्ययन कार्यको हाल सम्म देहाय अनुसारको कार्य प्रनति रहेको छ ।

| Task | Status |
|---|---|
| Feasibility Study Report | Completed |
| Hydrological/Sedimentation/Glof Study Report | Completed |
| Transmission Line Survey Completed (20 Km) | Completed |
| Drilling 1080m completed | Completed |
| Test Adit Tunnel Tender Published | Completed |
| Geological Mapping Completed | Completed |

प्राप्त प्रतिवेदनका आधारमा थप अध्ययन कार्य गर्नु पर्ने आवश्यकता देखिएको र सोही बमोजिम भईरहेको छ।

### ख) वित्तीय प्रगति विबरण



**२.२) वातावरणीय अध्ययन कार्य :** वातावरणीय प्रभाव मुल्यांकन अध्ययनका लागि मिति डिसेम्बर २४, २०१७ मा एनइए इन्जिनियरिङ कम्पनी लिमिटेड संग सम्झौता भई मिति सेप्टेम्बर १६, २०२१ सम्म कार्य सम्पन्न गर्ने गरी अध्ययन कार्य भईरहेको तथा वातावरण संरक्षण नियमावली संशोधन एबं बिविध कारण अध्ययन कार्य सम्पन्न गर्न थप केही समय लाग्ने भएकोले म्याद थप हुने देखिन्छ ।

हाल सम्म वातावरण अध्ययनको TOR तथा Scoping document सम्बन्धी कागजात तयार भइरहेको र बाँकी कार्य आगामि आ.व. मा सम्पन्न गर्ने योजना रहेको छ ।

## २.३) टेष्ट टनेल निर्माण कार्य :

किमाथांका अरुण जलविद्युत आयोजना (४५० मे.वा.) को टेष्ट टनेल निर्माण कार्य (Contract No. VUCL/KAHEP-TAT/W/NCB/03/2076-77) कार्यको लागि मिति June 11, 2020 को गोरखापत्र राष्टिय दैनिक र www.bolpatra.gov.np/egp मा बोलपत्र सूचना प्रकाशित गरिएको थियो ।

बोलपत्र सूचनानुसार मिति July 12, 2020 मा दाखिला भएका ४ वटा बोलपत्रहरुका प्राविधिक प्रस्तावहरु खोलीएका थिए । बोलपत्रहरुका प्राविधिक मूल्यांकन कार्य सम्पन्न गरी मूल्यांकन गर्दा सफल भएका बोलपत्रदाताहरुका लागि मिति July 17, 2020 मा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना प्रकाशित गरिएको छ । बोलपत्रको आर्थिक प्रस्ताव समेत मुल्यांकन गरी आ.व. २०७७।०७८ मा ठेक्का सम्झौता गरी निर्माण कार्य सुरु गर्ने योजना रहेको छ ।

## २.४) जग्गा खरीद :

किमाथांका अरुण जलविद्युत आयोजना (**४५० मे.वा.**) को क्याम्प फ्यासिलिटी निर्माणको निम्ति बाँध स्थलमा पर्ने ९७ रोपनी जग्गा अधिग्रहणको निम्ति फिल्डमा नापजाँच कार्य सम्पन्न गरी जिल्ला प्रशासन कार्यालय , खाँदवारी,संखुवासभामा प्रारम्भिक प्रतिवेदन पेश गरिएको छ ।

# ३) मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना

**३.१) विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य :** मिति २०७५।०३।१५ मा मुगु कर्णाली जलाशययुक्त जलबिद्युत आयोजना (१९०२ मे.वा.) को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई मिति २०७५।११।०१ (फेब्रुअरी १३, २०१९) मा एनइए इन्जिनियरिङ कम्पनी लिमिटेडसंग सम्झौता भई मिति जुलाई २७, २०२२ सम्म कार्य सम्पन्न गर्ने गरी अध्ययन कार्य भईरहेको छ।


आ.व.२०७६।०७७ मा सम्पन्न भएका विभिन्न अध्ययन कार्यको विबरण निम्नानुसार रहेको छ।

**क) भौतिक प्रगति विबरण –** अध्ययन कार्यको हाल सम्म देहाय अनुसारको कार्य प्रनति रहेको छ।

| माइलस्टोन नं | प्राप्त प्रतिवेदन | मिति | कैफियत |
|---|---|---|---|
| **#१** | **प्रारम्भिक अध्ययन प्रतिवेदन** | २०७६-०३-०६ | आ.व. २०७५/७६ |
| १.१ | टोपोग्राफीकल सर्वे प्रतिवेदन (जलाशय रहित) | | |
| १.२ | हाईड्रोलोजिकल तथा सेडीमेंटेसन अध्ययन | | |
| १.३ | ग्लोफ अध्ययन | | |
| १.४ | जियोलोजिकल म्यापिंग प्रतिवेदन | | |
| १.५ | विभिन्न सम्भावित बाँधस्थलहरुको शैद्धान्तिक अध्ययन | | |
| **#२** | **प्रारम्भिक डी.बि.एम प्रतिवेदन** | २०७६-१०-१३ | आ.व. २०७६/७७ |
| २.१ | डिजाइनका जेनेरल मापदण्डहरू तथा डिजाइनका लागि अनुसरण गरिने कोडहरू | | |
| २.२ | सिभिल संरचना डिजाइनका मापदण्डहरू | | |
| २.३ | हाइड्रो-मेकानिकल डिजाइनका मापदण्डहरू | | |
| २.४ | इलेक्ट्रिकल र इलेक्ट्रो-मेकानिकल डिजाइनका मापदण्डहरू | | |
| **#३** | **फिल्ड इनभेस्टीगेसन फेज-१ प्रतिवेदन** | २०७६-१२-०२ | ड्रिलिंग इनभेस्टीगेसन प्रतिवेदन बाहेकको प्रारम्भिक मस्यौदा प्रतिवेदन मात्र |
| ३.१ | टोपोग्राफीकल सर्वे प्रतिवेदन (जलाशय रहित) | | |
| ३.२ | ब्याथेमेट्रिक सर्वे प्रतिवेदन | | |
| ३.३ | हाईड्रोलोजिकल तथा सेडीमेंटेसन इनभेस्टीगेसन प्रतिवेदन | | |
| ३.४ | जियोलोजिकल म्यापिंग प्रतिवेदन | | |
| ३.५ | निर्माण सामग्री सर्वे प्रतिवेदन | | |
| ३.६ | जियोफिजीकल सर्वे प्रतिवेदन | | |
| **#४** | **प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन** | २०७७-०३-२६ | ड्रिलिंग इनभेस्टीगेसन प्रतिवेदन बाहेकको प्रारम्भिक मस्यौदा प्रतिवेदन मात्र |
| **#४ (क)** | **साईट अफिस तथा ल्याब भवन निर्माण** | | आ.व. २०७६/७७ मा निर्माण सम्पन्न भएको |

प्राप्त प्रतिवेदनका आधारमा थप अध्ययन कार्य गर्नु पर्ने आवश्यकता देखिएको र सोही बमोजिम भईरहेको छ।

## ख) वित्तीय प्रगति विबरण




**मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनाको वित्तीय प्रगति बिवरण**